श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइवक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३५ सालको ऐन नं. १२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

सार्वजनिक सडक ऐन, २०३१ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : सार्वजनिक सडक ऐन, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सार्वजनिक सडक (पहिलो संशोधन) ऐन, २०३५" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. सार्वजनिक सडक ऐन, २०३१ को दफा २ मा संशोधन : सार्वजनिक सडक ऐन, २०३१ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :–

"(घ) "स्थानीय अधिकारी" भन्नाले श्री ५ को सरकारले तोकेको अधिकारी सम्झनु पर्छ र त्यसरी कुनै अधिकारी नतोकेकोमा प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल ऐनमा दफा ३क. थप : मूल ऐनको दफा ३ पछि देहायको दफा ३क. थपिएको छः–

"३ क. तोकिएको फासलाभित्र भवन आदि बनाउन निषेध गर्न सकिने : (१) दफा ३ बमोजिम सडकसीमा तोकिएकोमा सडकसीमाको र सडक सीमा नतोकिएकोमा सार्वजनिक सडकको किनाराबाट छ छ मिटरमा नबढने गरी श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको फासलाभित्र पर्खाल बाहेक अन्य कुनै किसिमको स्थायी बनौट (स्ट्रक्चर) वा भवन कसैले निर्माण गर्न नपाउने गरी निषेध गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम निषेध गरिएको फासलाभित्र कसैले कुनै किसिमको स्थायी बनौट वा भवन निर्माण गरेमा त्यस्तो बनौट वा भवन सडक विभागको आदेशले भत्काउन सकिनेछ । सडक विभागले त्यस्तो बनौट वा भवन भत्काउँदा लागेको खर्च समेत सम्बन्धित व्यक्तिबाट भराउन सक्नेछ ।"

४. मूल ऐनको दफा ४ मा संशोधन : मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः–

"४. सार्वजनिक सडक र सडकसीमाको निमित्त जग्गा प्राप्त गर्न सकिने : सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्न वा सडकसीमाको निमित्त कुनै जग्गा प्राप्त गर्नु परेमा श्री ५ को सरकारले जग्गा प्राप्तिसम्बन्धी प्रचलित कानूनबमोजिम जग्गा प्राप्त गर्न सक्नेछ ।"

५. मूल ऐनको दफा १७ मा संशोधन : मूल ऐनको दफा १७ को उप-दफा (१) को अन्त्यमा देहायको वाक्य थपिएको छ :–

"त्यस्तो जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिंदा खाल्टो पर्न गएमा त्यस्तो खाल्टो सम्याउन व्यहोर्नु पर्ने जति रकम क्षतिपूर्ति दिनु पर्नेछ ।"

६. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ को उप-दफा (६) को अन्त्यमा देहायको वाक्यांश थपिएको छः–

"त्यस्तोमा सम्बन्धित व्यक्तिले उप-दफा (४) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम क्षतिपूर्ति वा खर्च दावी गर्न पाउने छैन ।"

७. मूल ऐनको दफा २३ मा संशोधन : मूल ऐनको दफा २३ को उप-दफा (१) को सट्टा देहायको उप-दफा १ राखिएको छः–

"(१) सडकसीमा तोकिएकोमा सडकसीमाको र सडकसीमा नतोकिएकोमा सडकको किनाराबाट दुवैतर्फ दुईसय पचास मिटरसम्मको जग्गामा विकास कर लाग्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर दफा ३क. बमोजिम कुनै स्थायी बनौट वा भवन निर्माण गर्न निषेध गर्ने गरी तोकिएको फासलाभित्र पर्ने जग्गामा विकास कर लाग्ने छैन ।"

८. मूल ऐनको दफा २७ मा संशोधन : मूल ऐनको दफा २७ को सट्टा देहायको दफा २७ राखिएको छः–

"२७. क्षतिपूर्ति निर्धारण गर्ने अधिकारी र त्यसउपरको उजूरी : (१) दफा १७ को उप-दफा (१) वा दफा १८ को उप-दफा (४) बमोजिम दिइने क्षतिपूर्तिको रकम सडक विभागले स्थानीय गाउँ पञ्चायत वा नगर पञ्चायतका सम्बन्धित वडा सदस्यको उपस्थितिमा निर्धारण गरेबमोजिम हुनेछ ।

(२) उप-दफा (१) बमोजिम निर्धारण भएको क्षतिपूर्तिमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो क्षतिपूर्ति पाउने सूचना प्राप्त गरेको पैंतीस दिनभित्र श्री ५ को सरकारसमक्ष उजूर गर्न सक्नेछ ।"

९. मूल ऐनको दफा २८ मा संशोधन : मूल ऐनको दफा २८ को सट्टा देहायको दफा २८ राखिएको छः–

"२८. उजूर परेको कारणले जग्गा अधिग्रहण गर्न बाधा नपर्ने : दफा २७ को उप-दफा (२) बमोजिम क्षतिपूर्तिको सम्बन्धमा उजूरी परेको कारणले मात्र यस ऐनबमोजिम कुनै कामको लागि जग्गा अधिग्रहण गर्नमा बाधा पर्ने छैन ।"

१०. मूल ऐनको दफा २९ मा संशोधन : मूल ऐनको दफा २९ मा रहेको "सडक विभागलाई पूर्व सूचना दिई मात्र" भन्ने वाक्यांशको सट्टा "सडक विभागको पूर्व स्वीकृति लिई" भन्ने वाक्यांश राखिएको छ ।

११. मूल ऐनको दफा ३० मा संशोधन : मूल ऐनको दफा ३० को उप-दफा (१) मा रहेको "कसैले दफा ४ को उप-दफा (२) बमोजिम कुनै काम कारवाही गर्दा दफा ९ वा" भन्ने वाक्यांश र "कब्जामा लिदा वा" भन्ने शब्दहरू झिकिएका छन् ।

१२. मूल ऐनको दफा ३१ मा संशोधन : मूल ऐनको दफा ३१ को,–

(१) उप-दफा (१) को सट्टा देहायको उप-दफा (१) राखिएको छः–

"(१) दफा १४ को प्रयोजनको लागि जग्गा अधिग्रहण गर्दा बाधा विरोध गरेको, दफा १६ बमोजिम लगाएको रूख काटेको वा उखेलेको, दफा १७ बमोजिम माटो, ढुङ्गा वा बालुवा लिदा बाधा विरोध गरेको, दफा १८ को बर्खिलाप सार्वजनिक सडकको आवागमनमा बाधा पुऱ्याउने गरी कुनै माल वस्तु राखेको, फालेको, जडेको, बनाएको, झुण्ड्याएको र दफा १९को बर्खिलाप सार्वजनिक सडक वा सडकसीमा-भित्र कुनै काम गरेको कसूरको सम्बन्धमा कारवाई गरी सजाय दिने अधिकार सडक विभागलाई हुनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (२) मा रहेको "सडक विभाग वा स्थानीय अधिकारीले" भन्ने शब्द-हरूको सट्टा "सडक विभागले" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उप-दफा (३) मा रहेको "सडक विभाग वा स्थानीय अधिकारीले" भन्ने शब्द-हरूको सट्टा "सडक विभागले" भन्ने शब्दहरू राखिएका छन् ।

१३. मूल ऐनको दफा ३३ मा संशोधन : मूल ऐनको दफा ३३ को उप-दफा (२) को खण्ड (क), (ख) र (घ) झिकिएका छन् ।

१४. खारेजी : मूल ऐनको दफा ५, ६, ७, ८, ९, १०, ११, १२ र १३ खारेज गरिएका छन् ।

लालमोहर सदर मितिः– २०३५।५।२१।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।